

# इमाम अह़मद रज़ा رحمۃ اللہ تعالٰی علیہ को संक्षिप्त जीवनी

(Nepali)


शैख़े तरिकत अमीरे अह्ले सुन्नत दअ्‌वते इस्लामीका संस्थापक
हजरत अल्लामा मौलाना अबु-बिलाल
मुहम्मद इल्यास
अत्तार कादिरी रजवी

اَلْحَمْدُ لِلّٰهِ رَبِّ الْعٰلَمِیْنَ وَ الصَّلٰوةُ وَ السَّلَامُ عَلٰی سَیِّدِ الْمُرْسَلِیْنَ

اَمَّا بَعْدُ فَاَعُوْذُ بِاللّٰهِ مِنَ الشَّیْطٰنِ الرَّجِیْمِ ؕ بِسْمِ اللّٰهِ الرَّحْمٰنِ الرَّحِیْمِ ؕ

## किताब पढ्नुभन्दा पहिलाको दुआ़ (प्रार्थना)

इस्लामी पुस्तक वा पाठ पढ्नु भन्दा पहिला निम्न दुआ़ पढ्नुहोस् जे पढ्नुहुनेछ याद हुनेछः

اَللّٰهُمَّ افْتَحْ عَلَيْنَا حِكْمَتَكَ وَانْشُرْ
عَلَيْنَا رَحْمَتَكَ يَا ذَاالْجَلَالِ وَالْاِكْرَام

अनुवादः

हे अल्लाह عَزَّوَجَلَّ हामी माथि ज्ञान तथा बुद्धिमताको ढोका खोलि देऊ र हामी माथि आफ्नो रह़मत (कृपा) अवतरण गर । हे अ़ज़मत तथा बुजुर्गी वाला ।

**नोटः** सुरु तथा अन्तमा एक एक पटक दुरुद शरीफ पढ्नुहोस् ।

تَذکِرۂ اِمام احمد رضا

Tazkirah Imam Ahmad Raza

# इमाम अह़मद रज़ा رَحْمَةُ اللّٰهِ تَعَالٰی عَلَيْه[१] को सङ्क्षिप्त जीवनी

यो पुस्तिका अमीरे अहले सुन्नत, दा'वते इस्लामीका संस्थापक हजरत मौलाना मुह़म्मद इल्यास अ़त्ता़र क़ादिरी دَامَتْ بَرَكَاتُهُمُ الْعَالِيَه[२] ले उर्दु भाषामा लेख्नुभएको हो ।

मज्लिसे तराजिम (अनुवाद विभाग, दा'वते इस्लामी) ले यस पुस्तिकालाई नेपालीमा अनुवाद गरेको छ । यसमा कुनै ठाउँमा पनि त्रुटी फेला पार्नु भएमा मज्लिसे तराजिमलाई (चिट्ठी वा इमेल द्‌वारा) जानकारी दिई सॅवाब (पुण्य) प्राप्त गर्नुहोस् ।

**Majlis-e-Tarajim (Dawat-e-Islami)**

Aalami Madani Markaz, Faizan-e-Madinah, Mahallah Saudagran, Purani Sabzi Mandi, Bab-ul-Madinah, Karachi, Pakistan

Contact #: +92-21-34921389 to 91, translation@dawateislami.net

---

१. رَحْمَةُ اللّٰهِ تَعَالٰی عَلَيْه - अल्लाह عَزَّوَجَلَّ को असल भक्तहरूको (जो यस संसारबाट बिदा भइसकेका छन्) नामको पछाडि लगाइन्छ । यसको अर्थ "उहाँमाथि अल्लाह عَزَّوَجَلَّ[३] को कृपा होस् ।"

२. دَامَتْ بَرَكَاتُهُمُ الْعَالِيَه - अल्लाह عَزَّوَجَلَّ को असल भक्तहरूको नामको पछाडी लगाइन्छ । अर्थ "उहाँको कृपा हामी माथि सधैं रहीरहोस् ।"

३. عَزَّوَجَلَّ - अर्थ "सम्मानित एवम् सर्वश्रेष्ठ ।"

اَلْحَمْدُ لِلّٰهِ رَبِّ الْعٰلَمِيْنَ وَالصَّلٰوةُ وَالسَّلَامُ عَلٰى سَيِّدِ الْمُرْسَلِيْنَ

اَمَّا بَعْدُ فَاَعُوْذُ بِاللّٰهِ مِنَ الشَّيْطٰنِ الرَّجِيْمِ ؕ بِسْمِ اللّٰهِ الرَّحْمٰنِ الرَّحِيْمِ ؕ

# मेरो जीवनको पहिलो पुस्तिका

اَلْحَمْدُ لِلّٰه मलाई मेरो बाल्यकाल देखि नै आ'ला ह़ज़रत इमाम अह़मद रज़ा ख़ान رَحْمَةُ اللهِ تَعَالٰى عَلَيْه सँग माया बसिसकेको थियो । "इमाम अह़मद रज़ा رَحْمَةُ اللهِ تَعَالٰى عَلَيْه को सङ्क्षिप्त जीवनी" मेरो जीवनको पहिलो पुस्तिका हो जसलाई मैले २५ सफर, १३९३ हिज्री (३१ मार्च, १९७३ ई.) मा "यौमे रज़ा" को पावन अवसरमा प्रकाशन गरेको थिएँ । यसको थुप्रै संस्करणहरू प्रकाशन भएका छन् । समय समयमा यसमा थपघट पनि गरेको छु । रौज ए रसूल को याद दिलाउने हस्ताक्षर पनि त्यतिबेला थिएन । पछि गएर त्यसको सोंच आयो । तर अन्तिम पृष्ठमा सम्झनाको लागि मिति भने पुरानै राखेको छु । अल्लाह عَزَّوَجَلَّ ले मेरो प्रयास क़बुल (स्विकार) गरून् र यस सङ्क्षिप्त पुस्तिका लाई आशिक़ाने रसूलहरूका लागि फाइदाजनक बनाऊन् । अल्लाह عَزَّوَجَلَّ ले आ'ला ह़ज़रत رَحْمَةُ اللهِ تَعَالٰى عَلَيْه को तुफैलमा (नाममा) मेरो र यस पुस्तिकालाई पढ्ने सम्पूर्ण सुन्नी मुस्लिमहरूको बिना हिसाब मग़्फिरत (पापहरू माफ) गरून् ।.

اٰمِيْن بِجَاهِ النَّبِيِّ الْاَمِيْن صَلَّى اللهُ تَعَالٰى عَلَيْهِ وَاٰلِهٖ وَسَلَّم

اَلْحَمْدُ لِلّٰهِ رَبِّ الْعٰلَمِيْنَ وَ الصَّلٰوةُ وَالسَّلَامُ عَلٰى سَيِّدِ الْمُرْسَلِيْنَ
اَمَّا بَعْدُ فَاَعُوْذُ بِاللّٰهِ مِنَ الشَّيْطٰنِ الرَّجِيْمِ ؕ بِسْمِ اللّٰهِ الرَّحْمٰنِ الرَّحِيْمِ ؕ

# इमाम अह़मद रज़ा رَحْمَةُ اللهِ تَعَالٰى عَلَيْه को सङ्क्षिप्त जीवनी

## दुरूद शरीफ

हाम्रा मन मस्तिष्कका प्रसन्नदाता, पापीहरूका मोक्षदाता, बेसहाराका सहारा हाम्रा प्यारा नबी हजरत मुह़म्मद صَلَّى الله تَعَالٰى عَلَيْهِ وَاٰلِهٖ وَسَلَّم[1] को कथन छः "जसले ममाथि दुरूद पढ्नेछ म उसको लागि शफाअ़त (सिफारिस) गर्नेछु ।" *(Al-Qaul-ul-Badi', pp. 229)*

صَلُّوْا عَلَى الْحَبِيْب     صَلَّى اللهُ تَعَالٰى عَلٰى مُحَمَّد[2]

## आ'ला ह़ज़रत رَحْمَةُ اللهِ تَعَالٰى عَلَيْه को शुभजन्म

मेरो आक़ा आ'ला ह़ज़रत, अहले सुन्नतका इमाम, दीन इस्लामका मुजद्दीद, शरिअ़तका अ़ालिम, त़रिक़तका पीर, ह़ज़रते अ़ल्लामा मौलाना अलह़ाज अल् ह़ाफिज़ अल् क़ारी शाह इमाम अह़मद रज़ा खान رَحْمَةُ اللهِ تَعَالٰى عَلَيْه को

---

[1] صَلَّى الله تَعَالٰى عَلَيْهِ وَاٰلِهٖ وَسَلَّم - जब जब हाम्रो नबी को नाम उच्चारण गरिन्छ या सुनिन्छ उहाँ प्रति दुरूद पढिन्छ । यो वाक्यको अर्थ "अल्लाह عَزَّوَجَلَّ को तर्फ बाट हाम्रो नबी प्रती दुरूद र सलाम होस्

[2] ९ - صَلَّى اللّٰهُ تَعَالٰى عَلٰى مُحَمَّد .अल्लाह عَزَّوَجَلَّ को तर्फबाट हाम्रो नबी मुहम्मद प्रति दुरूद होस् ।

शुभजन्म भारतको उत्तर प्रदेश प्रान्तको प्रख्यात शहर बरेलीको जसोली भन्ने ठाउँमा १० शव्वाल, १२७२ हिज्री *)१४ जून ,१८५६ ई०(* शनिबारको दिन जुह्र नमाज़को समयमा भएको थियो । जन्म मिति अनुसार उहाँको नाम अल् मुख्तार हो । (हयाते आ'ला हज़रत, भाग १, पृ ५८, मक्तबतुल् मदीना, बाबुल् मदीना कराँची)

صَلُّوْا عَلَی الْحَبِیْب　　صَلَّی اللّٰهُ تَعَالٰی عَلٰی مُحَمَّد

## आ'ला हज़रत رحمۃ اللہ تعالیٰ علیہ को जन्म वर्ष

मेरो आक़ा आ'ला हज़रत رحمۃ اللہ تعالیٰ علیہ ले आफ्नो जन्म वर्ष क़ुर्आनको २८ औं पारह को सुरः मुजादलह् को आयत २२ बाट निकाल्नु भएको छ । अब्जद ज्ञान अनुसार उक्त आयत को अ़दद १२७२ हुन्छ जुन चाहीँ आ'ला हज़रत رحمۃ اللہ تعالیٰ علیہ को जन्म वर्ष हो । मक्तबतुल् मदीना द्वारा प्रकाशित पुस्तक मल्फ़ूज़ाते आ'ला हज़रत पृ. ४१० मा लेखिएको छः जन्म मितिहरुको विवरण थियो यसमा (आ'ला हज़रत رحمۃ اللہ تعالیٰ علیہ) ले भन्नुभयोः मेरो जन्मको तारिख यस आयतमा छः

اُولٰٓئِكَ كَتَبَ فِیْ قُلُوْبِهِمُ الْاِیْمَانَ وَ اَیَّدَهُمْ بِرُوْحٍ مِّنْهُ ؕ

कन्जुल् इमानको हिन्दी[६] अनुवादः
येह हैं जिन के दिलों में अल्लाह ने ईमान नक़्श फ़रमा दिया और अपनी त़रफ़ की रुह से इन की मदद की ।

*६. कुर्आन शरीफको नेपाली अनुवाद गर्ने योग्यता भएको व्यक्ति उपलब्ध नभएको कारण कुर्आन शरीफका आयतहरूको कंजुल्इमानको हिन्दी अनुवाद नै राखिएको छ ।*

उहाँको नाम मुह़म्मद राखियो । उहाँका हजुरबुबाले अह़मद रज़ा भनी बोलाउनु भयो र यसै नामले उहाँ प्रसिद्ध हुनुभयो ।

صَلُّوْا عَلَی الْحَبِیْب     صَلَّی اللّٰہُ تَعَالٰی عَلٰی مُحَمَّد

## अद्भुत बाल्यकाल

साधारणतय आजकलका बालबालिकाहरूको स्वभाव झैं हरेक समयका बाल बालिकाहरुको स्वभाव हुने गर्दछ । सात आठ बर्षको उमेरसम्म उनीहरुलाई न कुनै कुराको चेतना नै हुन्छ न कुनै कुराको गहिराइसम्म पुग्न नै सक्छन् । तर आ'ला ह़ज़रत رَحْمَۃُ اللّٰہِ تَعَالٰی عَلَیْہ को बाल्यकाल भने अन्य बच्चाहरुको बाल्यकालको तुलनामा धेरै भिन्न थियो । सानो उमेरमै उहाँको स्मरण शक्ति यस्तो थियो कि साढ़े ४ वर्षको कलिलो उमेरमा पुरै कुर्आन शरीफ नाज़ीरा (पवित्र कुर्आन लाई हेरेर शुद्ध पढ्न सक्ने तालिम) पुरा गरिसक्नु भएको थियो । ६ वर्षको उमेरमा एउटा ठुलो इस्लामी कार्यक्रममा ह़ज़रत मुह़म्मद मुस्तफा صَلَّی اللّٰہُ تَعَالٰی عَلَیْہِ وَاٰلِہٖ وَسَلَّم को जन्मको शीर्षकमा बृहत् प्रवचन गरी ठुला-ठुला विद्वान्हरुबाट स्याबासीको पात्र बन्नु भएको थियो । यसै उमेरमा उहाँले बग़दाद शरीफको दिशा पत्ता लगाउनु भयो र जीवनभर त्यस दिशा (ग़ौसे आ'जम رَحْمَۃُ اللّٰہِ تَعَالٰی عَلَیْہ को शहर बग़दाद) तर्फ कहिल्यै

पनि खुट्टा फैलाउनुभएन । उहाँलाई सानै उमेर देखि नमाज़सँग यति आत्मीय लगाव र गहिरो माया थियो कि पाँचै समयको नमाज़ हरेक दिन तक्बिरे ऊलाको ख्याल गरी समयमै मस्जिद पुगी जमाअ़तको साथ पढ्ने उहाँको बानी थियो । कुनै गैर मह़ारिम (यस्तो महिला जो सँग सधैंको लागि विवाह ह़राम हुँदैन) महिला अगाडि पर्दा तुरुन्तै आफ्नो नज़र झुकाई कुदृष्टीबाट सधैं बच्नहुन्थ्यो । ह़ज़रत मुह़म्मद मुस्त़फा صَلَّى اللهُ تَعَالَى عَلَيْهِ وَاٰلِهٖ وَسَلَّم प्रति अथाह मायामा डूबेर यसरी सलाम पेस गर्नुहुन्थ्यो -

नीची नज़रों की शर्मो ह़या पर दुरूद
ऊँची बी नी की रिफ़्अ़त पे लाखों सलाम

आ'ला ह़ज़रत رَحْمَةُ اللهِ تَعَالٰى عَلَيْه ले तक़्वा (उच्च श्रेणीको धर्मनिष्टता) लाई यसरी अंगाल्नु भएको थियो कि उहाँ हिँड्नु हुँदा पाइलाको चाल पनि सुन्न सकिन्नथ्यो । सात वर्षको उमेरबाटै रमज़ानुल् मुबारकको रोजा (व्रत) राख्न सुरु गर्नुभयो ।

(दिबाचा फतावा रज़विय्या, भाग ३०, पृ. १६)

صَلُّوْا عَلَى الْحَبِيْب صَلَّى اللهُ تَعَالٰى عَلٰى مُحَمَّد

## बाल्यकाल को एक वृत्तान्त

जनाब सय्यिद अय्यूब अ़ली शाह رَحْمَةُ اللهِ تَعَالٰى عَلَيْه ले भन्नुहुन्छ कि आ'ला ह़ज़रत رَحْمَةُ اللهِ تَعَالٰى عَلَيْه को बाल्यकालमा उहाँको घर एक मौल्वी साहेब

क़ुर्आन पढाउन आउनुहुन्थ्यो । एकदिनको कुरा हो कि मौल्वी साहेबले क़ुर्आनको कुनै शब्द पढाउनुहुँदा घरीघरी "ज़बर" को उच्चारण गर्नुहुन्थ्यो तर आ'ला ह़ज़रत رحمۃ اللہ تعالی علیہ ले घरीघरी "ज़ेर" पढ्नुहुन्थ्यो । जब आ'ला ह़ज़रत رحمۃ اللہ تعالی علیہ को हजुरबुबा ह़ज़रते मौलाना रज़ा अ़ली खान رحمۃ اللہ تعالی علیہ ले देख्नुभयो उहाँले आ'ला ह़ज़रत رحمۃ اللہ تعالی علیہ लाई बोलाई क़ुर्आन हेर्नुभयो । उहाँले त्यस किताबमा प्रकाशकले नै गल्तीले ज़ेरको ठाउँमा ज़बर छापिदिएको भेट्नुभयो । अर्थात आ'ला ह़ज़रत رحمۃ اللہ تعالی علیہ को मुखबाट उच्चारण भएको नै ठिक थियो । हजुरबुबाले सोध्नुभयो कि बाबु जसरी मौल्वी साहेबले पढाइ रहनुभएको थियो, त्यसरी किन नपढेको त? आ'ला ह़ज़रत رحمۃ اللہ تعالی علیہ ले जवाफ दिनुभयोः मैले त्यसरी नै पढ्ने सोच बनाइ रहेको थिएँ तर आफ्नो जिब्रोमा नियन्त्रण गर्न सकिरहेको थिइन ।

आ'ला ह़ज़रत رحمۃ اللہ تعالی علیہ ले स्वयं भन्नुहुन्थ्यो कि मेरो गुरु जोसँग मैले सुरुमा क़ुर्आन पढ्ने गर्थें, उनले जब मलाई पाठ पढाइदिनुहुन्थ्यो, मैले एक दुई पटक किताब हेरी बन्द गरिदिन्थे । फेरि जब मैले सुनाउने गर्थें, मैले गुरुलाई एक एक अक्षर तथा एक एक शब्द जस्ता को त्यस्तै सुनाइदिने गर्थें । एक दिन गुरुले भन्नुभयो कि अह़मद मियाँ ! भन त तिमी मनुष्य हौ कि जिन्न? मलाई पढाउन समय लाग्छ तर तिमीलाई घोक्न समय नै लाग्दैन ! आ'ला ह़ज़रत رحمۃ اللہ تعالی علیہ ले भन्नुभयो कि अल्लाह عَزَّوَجَلَّ को शुक्रिया (धन्यवाद) म मनुष्य नै हो । हो, यो मेरो अल्लाह عَزَّوَجَلَّ को कृपाले गर्दा नै हो । (ह़याते आ'ला ह़ज़रत, भाग १, पृ. ६८)

अल्लाह عَزَّوَجَلّ को उनीमाथि रह़मत (कृपा) होस् र उनको (सदक़े) नाममा हाम्रो बिना हिसाब मग़्फिरत (पापहरूबाट क्षमा प्राप्त) होस् ।

اٰمِيْن بِجَاہِ النَّبِيِّ الْاَمِيْن صَلَّى اللهُ تَعَالٰى عَلَيْهِ وَاٰلِهٖ وَسَلَّم

صَلُّوْا عَلَى الْحَبِيْب　　صَلَّى اللهُ تَعَالٰى عَلٰى مُحَمَّد

## पहिलो फ़तवा (इस्लामी प्रश्नको उत्तर)

मेरो आक़ा आ'ला ह़ज़रत رَحْمَةُ اللهِ تَعَالٰى عَلَيْه ले मात्र १३ वर्ष १० महिना ४ दिन को उमेरमा नै आफ्नो बुबा मौलाना नक़ी अ़ली ख़ान رَحْمَةُ اللهِ تَعَالٰى عَلَيْه बाट मौलाना पद को लागि प्राप्त गर्नुपर्ने सम्पूर्ण ज्ञान प्राप्त गरी सक्नुभयो । त्यसै दिन उहाँले एक प्रश्नको जवाफमा आफ्नो सबैभन्दा प्रथम फ़तवा लेख्नुभएको थियो । त्यो फ़तवा ठिक भएको पाई उहाँको बुबा ले इफ्ता (इस्लामी प्रश्नको उत्तर प्रदान गर्ने कार्यालय वा ठाउँ) को जिम्मेवारी उहाँलाई सुम्पिनु भयो । त्यसपछि आफ्नो अन्तिम समयसम्म उहाँले फ़तवा लेखन गरिरहनुभयो ।

(ऐजन, पृ. २७९)

अल्लाह عَزَّوَجَلّ को उनीमाथि रह़मत (कृपा) होस् र उनको (सदक़े) नाममा हाम्रो बिना हिसाब मग़्फिरत (पापहरूबाट क्षमा प्राप्त) होस् ।

اٰمِيْن بِجَاہِ النَّبِيِّ الْاَمِيْن صَلَّى اللهُ تَعَالٰى عَلَيْهِ وَاٰلِهٖ وَسَلَّم

صَلُّوْا عَلَى الْحَبِيْب　　صَلَّى اللهُ تَعَالٰى عَلٰى مُحَمَّد

## आ'ला हज़रत رحمۃ اللہ تعالٰی علیہ को गणित ज्ञान

अल्लाह तआ़लाले आ'ला ह़ज़रत رحمۃ اللہ تعالٰی علیہ लाई धेरै विषयको ज्ञान प्रदान गर्नुभएको थियो । उहाँले ५० भन्दा बढी विषयमा कलम चलाउनु भयो र मानयोग्य उत्कृष्ट पुस्तकहरु लेख्नुभयो । उहाँलाई थुप्रै क्षेत्रमा पर्याप्त ज्ञान थियो । तौक़ित विषय (यस विद्‌यामा सूत्रहरूको प्रयोगबाट संसारको बिभिन्न ठाउँमा सूर्योदय, सूर्यास्त, मध्यदिन, मिरमिरे आदिको समय ज्ञात गर्न सिकाइन्छ) मा यति विशेषज्ञ हुनुहुन्थ्यो कि दिनमा सूर्यको स्थिति तथा राति ताराहरू हेरेर घडी मिलाउनुहुन्थ्यो । समय एकदम सही हुन्थ्यो, एक मिनेटको पनि फरक पर्दैन थियो । गणितमा पनि विशेष ज्ञान थियो । एक पटक अ़लीगढ विश्वविद्‌यालयका भाइस चान्सलर (उपकुलपति) डाक्टर ज़ियाउद्दीन जसले गणितमा विदेशी डिग्री तथा पुरस्कारहरू प्राप्त गरेका थिए, उनी आ'ला ह़ज़रत رحمۃ اللہ تعالٰی علیہ कहाँ गणितको एक प्रश्न सोध्नको लागि आए । भन्नुभयोः सोध्नुहोस् ! उहाँले भन्नुभयोः यो प्रश्न यति सजिलो छैन कि यत्तिकै सोधिहालुँ । आ'ला ह़ज़रत رحمۃ اللہ تعالٰی علیہ ले भन्नुभयोः केही त भन्नुहोस् । भाइस चान्सलर साहेबले प्रश्न प्रस्तुत गर्नुभयो । आ'ला ह़ज़रत رحمۃ اللہ تعالٰی علیہ ले त्यति बेलै त्यस प्रश्नको सन्तोषजनक हल दिनुभयो । उहाँले एकदमै आश्चर्य मान्दै भन्नुभयो कि म यसको उत्तरको लागि जर्मनी जाने तरखरमा थिएँ । हाम्रो इस्लामी पढाइका प्रोफेसर मौलाना सय्यिद सुलैमान अशरफ साहेब ले मलाई तपाईँ समक्ष पठाउनुभयो । यसरी तुरुन्तै यसको हल दिनुभयो कि मलाई यस्तो अनुभव भईरहेको छ की कतै तपाईँले यही प्रश्न कुनै पुस्तकमा हेरी यसको हल गर्ने तैयारी गर्दैहुनुहुन्थ्यो ।

डाक्टर साहेब खुसी हुँदै फर्कनुभयो र आ'ला हज़रत رحمۃ اللہ تعالی علیہ बाट यति प्रेरित हुनुभयो कि सुन्नत अनुसार दाढी सजाउनुभयो र नमाज़ रोजा को नियमित पालना गर्न थाल्नुभयो । (ऐज़न, पृ. २२३, २२९)

यतिमात्र नभई मेरो आक़ा आ'ला हज़रत رحمۃ اللہ تعالی علیہ तक्सीर, खगोल विद्या, जफर आदि विषयका पनि ज्ञाता थिए ।

अल्लाह عزّوجلّ को उनीमाथि रहमत (कृपा) होस् र उनको (सदक़े) नाममा हाम्रो बिना हिसाब मग़्फिरत (पापहरूबाट क्षमा प्राप्त) होस् ।

اٰمِیْن بِجَاہِ النَّبِیِّ الْاَمِیْن صَلَّی اللہ تعالٰی عَلَیْہِ وَاٰلِہٖ وَسَلَّم

## अद्‌भुत स्मरण शक्ति

हज़रत अबु हामिद सय्यिद मुहम्मद मुहद्दिस कछौछवी رحمۃ اللہ تعالی علیہ ले भन्नुहुन्छ कि जब दारुल् इफ्तामा काम गर्ने क्रममा मेरो बरेली शरीफमा बसाइँ थियो, यस्तायस्ता प्रश्नहरू आउँथे कि आ'ला हज़रत رحمۃ اللہ تعالی علیہ को हाज़िर जवाबी (तुरुन्तै सही तथा उत्तम उत्तर दिनु) बाट मानिसहरू छक्क पर्थे । ती हाज़ीर जवाबीमध्ये एक घटना प्रश्तुत गरिन्छ कि एक पटक इफ्तामा प्रश्न आयो । त्यहाँ कार्यरत विद्‌वानहरूले पढे र यस्तो अनुभव गरे कि यो त एकदमै नयाँ प्रकारको विषयमा सोधिएको छ । यसको उत्तर इस्लामी पुस्तकहरुबाट नभई इस्लामी विद्‌वान्हरूको सिद्धान्तबाट नै निकाल्न सकिएला । आ'ला हज़रत رحمۃ اللہ تعالی علیہ समक्ष उपस्थित भई भनियोः एकदमै नयाँ प्रकारका प्रश्नहरू आइरहेका छन् । अब हामीले कसरी यी प्रश्नहरूको हल

निकाल्नेहोला? भन्नुभयोः होइन यो त पुरानै प्रकारको प्रश्न त हो नि । इब्ने हुमामले फतहुल् क़दीरको यति पृष्ठमा, इब्ने आ़बिदीनले रद्दुल् मुह़तारको यति भागको यति पृष्ठमा, खैरियामा यो कुरा प्रष्ट लेखिएको छ । जब ती किताब खोलेर हेरियो एकदम ठिक त्यही पेज त्यही लाइनमा ती कुराहरू लेखिएका भेटिए । यस्तो अद्भुत स्मरण शक्तिले विद्वानहरूलाई सधै चकित बनाइरह्यो ।

अल्लाह عَزَّوَجَلَّ को उनीमाथि रह़मत (कृपा) होस् र उनको (सदक़े) नाममा हाम्रो बिना हिसाब मग़्फिरत (पापहरूबाट क्षमा प्राप्त) होस् ।

اٰمِيۡن بِجَاہِ النَّبِیِّ الۡاَمِیۡن صَلَّی اللّٰہُ تَعَالٰی عَلَیۡہِ وَاٰلِہٖ وَسَلَّم

किस त़रह इतने इ़ल्म के दरिया बहा दिए
उ़लमा-ए ह़क़ की अ़क़्ल तो ह़ैरां है आज भी

कस्तो प्रकारले यति ज्ञानको सागर बगाइ दिए
विद्वान्हरुको मष्तिस्क छक्क परेको छ आज पनि

صَلُّوۡا عَلَی الۡحَبِیۡب    صَلَّی اللّٰہُ تَعَالٰی عَلٰی مُحَمَّد

## मात्र एक महिनामा पूरा कुर्आन कण्ठस्थ

ह़ज़रत सय्यिद अय्युब अ़ली رحمۃ اللہ تعالٰی علیہ ले व्याख्या गर्नु हुन्छ कि एक दिन आ'ला ह़ज़रत رحمۃ اللہ تعالٰی علیہ ले भन्नु भयो कि केही अनजान व्यक्तिहरुले मेरो नामको अगाडि ह़ाफिज़ लेखिदिने गर्छन् जबकि म यस उपनामको लागि योग्य छैन । ह़ज़रत सय्यिद अय्युब अ़ली

رحمۃ اللہ تعالیٰ علیہ ले भन्नुहुन्छ की त्यही दिनदेखि आ'ला ह़ज़रत رحمۃ اللہ تعالیٰ علیہ ले कुर्आन कण्ठ गर्न सुरू गर्नुभयो जसको समय सम्भवतः इशाको वुज़ु गरे पश्चात् जमाअ़त सुरु हुनभन्दा पहिलासम्म मात्र थियो । हरेक दिन एक पारह कण्ठ गर्नुहुन्थ्यो । यसरी तिस दिनमा तिस पारह कण्ठ गर्नुभयो ।

एक समय उहाँले स्वयं भन्नुभयो कि मैले पुरै कुर्आन क्रमअनुसार कोसिसका साथ कण्ठ गरिसकेँ र यो ती मानिसहरू (जसले मेरो नामको आगाडि ह़ाफिज़ लेखि दिने गर्छन् ) का भनाई गलत नहोस् भनेर हो । (ऐज़न, पृ. २०८)

अल्लाह عَزَّوَجَلَّ को उनीमाथि रह़मत (कृपा) होस् र उनको (सदक़े) नाममा हाम्रो बिना हिसाब मग़्फिरत (पापहरूबाट क्षमा प्राप्त) होस् ।

اٰمِیْن بِجَاہِ النَّبِیِّ الْاَمِیْن صَلَّی اللہُ تَعَالٰی عَلَیْہِ وَاٰلِہٖ وَسَلَّم

صَلُّوْا عَلَی الْحَبِیْب صَلَّی اللہُ تَعَالٰی عَلٰی مُحَمَّد

## रसूल ﷺ को माया

आ'ला ह़ज़रत رحمۃ اللہ تعالیٰ علیہ प्यारा नबी, प्यारा रसूल, आमिना को सुन्दर बगैँचाको एक मात्र फुल, ह़ज़रत मुह़म्मद صَلَّی اللہُ تَعَالٰی عَلَیْہِ وَاٰلِہٖ وَسَلَّم को आशिक़को उत्तम नमुना हुनुहुन्थ्यो । आ'ला ह़ज़रत رحمۃ اللہ تعالیٰ علیہ ले नबी-ए करीम صَلَّی اللہُ تَعَالٰی عَلَیْہِ وَاٰلِہٖ وَسَلَّم को मायामा नात (कविता) हरुको सङ्ग्रह "हदाइक़े बख़्शिश" लेख्नुभयो जुन चाहिँ उहाँ प्यारा रसूल

صَلَّی اللهُ تَعَالٰی عَلَیْهِ وَاٰلِهٖ وَسَلَّم का सच्चा आशिक़ हुनुको ठुलो प्रमाण हो । यो किताबमा लेखिएको ऊहाँको हृदयबाट निस्केका हरेक शब्दहरु र हरेक टुक्काहरूले उहाँको मुस्त़फा जाने रह़मत صَلَّی اللهُ تَعَالٰی عَلَیْهِ وَاٰلِهٖ وَسَلَّم प्रति अतुलनिय आस्था तथा मायाको प्रमाण दिन्छ । उहाँले कहिल्यै पनि कुनै सांसारिक धनवान् व्यक्तिलाई ख़ुसी पार्नको लागि आफ्नो कलम उठाउनु भएन किन कि उहाँले नबी-ए करीम صَلَّی اللهُ تَعَالٰی عَلَیْهِ وَاٰلِهٖ وَسَلَّم को आज्ञाको पालना तथा गुलामी मन मस्तिष्क बाट नै स्विकारी सक्नुभएको थियो र यसमा उनी उत्तम श्रेणीमा पुगिसकेका थिए जसको अभिव्यक्ति निम्न टुक्कामार्फत गर्नुभयोः

इन्हें जाना इन्हें माना न रखा ग़ैर से काम
लिल्लाहिल ह़म्द मैं दुन्या से मुसल्मान गया

उहाँलाई माने उहाँलाई नै जाने अरूसँग राखिन केही काम
मेरो अल्लाह को लागि सम्पूर्ण प्रशंसा कि म संसारबाट
इमानको साथ गएँ

## शासकको खुसामद बहिष्कार

एकपटक नानपारा सहर (बहराईच जिल्ला, यु.पी., भारत) को नवाबको प्रशंसामा अन्य कविहरुले कविता लेखे । केही मानिसले आ'ला ह़ज़रत رَحْمَةُ اللهِ تَعَالٰی عَلَیْه सँग पनि त्यो नवाबको प्रशंसामा कविता लेख्न आग्रह गरे । उहाँले यसको जवाफमा यो ना'त लेख्नुभयो जसको मत्लअ़ (प्रथम टुक्का जसमा क़ाफिये हुन्छ) यस प्रकार छः

वह कमाले हुस्ने हुज़ूर है कि गुमाने नक़्स जहां नहीं
यही फुल खार से दूर है येही शम्अ है की धूआं नहीं

**अप्ठयारा शब्दको अर्थः**

कमाल - पुरा हुनु , नक़्स - कमी, खार - काँडा

कविताको व्याख्याः हज़रत मुहम्मद मुस्तफा صَلَّى اللهُ تَعَالٰى عَلَيْهِ وَاٰلِهٖ وَسَلَّم को सुन्दरता हरेक दृष्टिकोणबाट पूरा छ । कुनै कुराको कमी हुनु त टाढाको कुरा हो, कमीको कल्पना पनि गर्न सकिदैन । हरेक फुलको हाँगामा काँडा हुने गर्दछ तर आमिना को सुन्दर बगैँचाको एक मात्र फुल हज़रत मुहम्मद मुस्तफा صَلَّى اللهُ تَعَالٰى عَلَيْهِ وَاٰلِهٖ وَسَلَّم यस्तो हुनुहुन्छ कि काँडाहरूबाट पवित्र र शुद्ध हुनुहुन्छ । हरेक दियोमा यो कमी हुन्छ कि त्यसले धुवाँ निकाल्छ तर महान सन्देशबाहक हाम्रो प्यारो नबी यस्तो दियो हुनुहुन्छ कि हरेक प्रकारको कमीबाट शुद्ध हुनुहुन्छ ।

यसै ना'तको मक़्तअ़ (अन्तिम टुक्का) मा "नानपारा" शब्दको सुन्दर प्रयोग गर्दै भन्नुहुन्छः

करूं मद्हे अहले दुवल रज़ा पडे इस् बला में मेरी बला
मैं गदा हुँ अपने करीम का मेरा दीन "पारए नां" नहीं

**अप्ठयारा शब्दको अर्थः**

मद्ह - प्रशंसा, दुवल - धनको बहुवचन, पारए नां - रोटीको टुक्रा ।

कविताको व्याख्याः म सांसारिक धनवान व्यक्तिको प्रशंसा किन गरुँ ! म त नबी-ए करीम صَلَّى اللهُ تَعَالٰى عَلَيْهِ وَاٰلِهٖ وَسَلَّم को दरबार को भिकारी हूँ ।

मेरो दीन (धर्म) पारए नान (रोटीको टुक्रा) होइन कि म धनी व्यक्तिको प्रशंसा गरी हिड़ूँ ।

صَلُّوْا عَلَى الْحَبِيْب صَلَّى اللهُ تَعَالٰی عَلٰی مُحَمَّد

## विपनामै मुस्त़फा ﷺ को दर्शन

मेरो आक़ा आ'ला ह़ज़रत رَحْمَةُ اللهِ تَعَالٰى عَلَيْه जब दोस्रो पटक ह़ज गर्नको लागि जानुभयो उहाँले नबी-ए करीम صَلَّى اللهُ تَعَالٰى عَلَيْهِ وَاٰلِهٖ وَسَلَّم को जियारत (दर्शन) को आकाङ्क्षा बोकी धेरै बेरसम्म उहाँको दरबार सामु सॅलातो सलाम पढि रहनुभयो । तर पहिलो रातमा यो सौभाग्य थिएन । उहाँले त्यही अवसरमा यस्तो उत्कृष्ट ना'तिया गजल लेख्नु भयो जसको मत्लअ़मा प्यारो आक़ाको कृपाको आशावादी हुनुभएको देखिन्छः

वोह सूए लालाज़ार फिरते हैं
तेरे दिन ऐ बहार फिरते हैं

**कविताको व्याख्याः** हे बहार (बसन्तऋतु) खुसीले मस्त भइहाल किन कि तिमीमाथि बहारको पनि बहार आउँदै छ । उ हेर ! ह़ज़रत मुह़म्मद मुस्त़फा صَلَّى اللهُ تَعَالٰى عَلَيْهِ وَاٰلِهٖ وَسَلَّم गुलज़ार (फुलै फुलको बगैंचा) तर्फ आउँदै हुनुहुन्छ ।

ग़ज़लको मक़्तअ़मा ह़ज़रत मुह़म्मद मुस्त़फा صَلَّى اللهُ تَعَالٰى عَلَيْهِ وَاٰلِهٖ وَسَلَّم सामु आफ्नो आ़जिज़ी (असल मानिसहरूले पनि आफूलाई तुच्छ, कमजोर, पापी, नालायक आदि कल्पना गर्ने बानी) व्यक्त गर्दै लेख्नुहुन्छः

## कोई क्यूं पूछे तेरी बात रज़ा
## तुझ से शैदा हज़ार फिरते हैं

(आ'ला ह़ज़रत رَحْمَةُ اللهِ تَعَالٰى عَلَيْه ले यस टुक्काको दोस्रो लाइनमा आ़जिज़ी व्यक्त गर्दै आफ्नो लागि "कुत्ते" अर्थात "कुकुर" शब्दको प्रयोग गर्नुभएको छ तर यहाँ उहाँको सम्मानको ख्याल गर्दै "शैदा" लेखेको छु ।)

कविताको व्याख्याः उक्त टुक्कामा प्यारा नबी صَلَّى اللهُ تَعَالٰى عَلَيْهِ وَاٰلِهٖ وَسَلَّم का सच्चा आशिक़ आ'ला ह़ज़रत رَحْمَةُ اللهِ تَعَالٰى عَلَيْه ले आ़जिज़ी व्यक्त गर्दै स्वयं आफूसँग भन्नुहुन्छः हे अह़मद रज़ा ! तिमी को हौ र तिम्रो वास्तविकता नै के हो? तिमी जस्ता त हजारौं कुकुरहरू मदीनाको गल्लीहरुमा भौँतारिइरहेका छन् !

यो ग़ज़ल लेखेर ह़ज़रत मुह़म्मद मुस्त़फा صَلَّى اللهُ تَعَالٰى عَلَيْهِ وَاٰلِهٖ وَسَلَّم को दर्शन पाउने आशामा अनुशासित रुपमा बसी राख्नुभएको थियो कि उहाँको भाग्य चम्कियो र विपनामै खोलिएकै आँखाले ह़ज़रत मुह़म्मद मुस्त़फा صَلَّى اللهُ تَعَالٰى عَلَيْهِ وَاٰلِهٖ وَسَلَّم को दर्शन पाउनुभयो ।

अल्लाह عَزَّوَجَلَّ को उनीमाथि रह़मत (कृपा) होस् र उनको (सदक़े) नाममा हाम्रो बिना हिसाब मग़्फिरत (पापहरूबाट क्षमा प्राप्त) होस् ।

اٰمِيْن بِجَاهِ النَّبِيِّ الْاَمِيْن صَلَّى اللهُ تَعَالٰى عَلَيْهِ وَاٰلِهٖ وَسَلَّم

ती आँखाहरुप्रति हामी कुरबान जसले विपनामै प्यारा नबी صَلَّی اللہ تَعَالٰی عَلَیْہِ وَاٰلِہٖ وَسَلَّم को दर्शनको सौभाग्य प्राप्त गर्‍यो । दर्शन नहोस् पनि किन, आ'ला हज़रत رحمۃ اللہ تعالیٰ علیہ को हृदय हज़रत मुहम्मद मुस्तफा صَلَّی اللہ تَعَالٰی عَلَیْہِ وَاٰلِہٖ وَسَلَّم प्रतिको मायाले भरिएको थियो । आ'ला हज़रत رحمۃ اللہ تعالیٰ علیہ को ना'तले यस कुराको सप्रमाण दिन्छ ।

صَلُّوْا عَلَی الْحَبِیْب　　صَلَّی اللہُ تَعَالٰی عَلٰی مُحَمَّد

## आ'ला हज़रत رحمۃ اللہ تعالیٰ علیہ को आचरण

मेरो आक़ा आ'ला हज़रत رحمۃ اللہ تعالیٰ علیہ ले भन्नु हुन्छः यदि कसैले मेरो दिलको दुई टुक्रा पार्‍यो भने एक पाटामा ﴿لَآ اِلٰہَ اِلَّا اللہُ﴾ र अर्को पाटामा ﴿مُحَمَّدٌ رَّسُوْلُ اللہِ﴾ लेखेको पाउनेछ ।. (सवानेहे इमाम अहमद रज़ा, पृ. ९६, मक्तबए नूरिया रज़विय्या, सख्खर)

अहले सुन्नतका ताजदार, आ'ला हज़रत رحمۃ اللہ تعالیٰ علیہ का कान्छा सुपुत्र, मुफ़्ति ए आ'जम हिन्द, मौलाना मुस्तफा रज़ा खान رحمۃ اللہ تعالیٰ علیہ ले "सामाने बख्शिश" मा लेख्नुहुन्छः

खुदा एक पर हो तो एक पर मुहम्मद
अगर क़ल्ब अपना दो पारा करूँ मैं

त्यस समयका विद्‌वान्हरुको नज़रमा आ'ला हज़रत رحمۃ اللہ تعالیٰ علیہ साँच्चै नै फनाफिर्रसूल (रसूल صَلَّی اللہ تَعَالٰی عَلَیْہِ وَاٰلِہٖ وَسَلَّم को लागि मरिमेटने खाले) थिए । सधै हज़रत मुहम्मद मुस्तफा صَلَّی اللہ تَعَالٰی عَلَیْہِ وَاٰلِہٖ وَسَلَّم को यादमा डुबिरहनुहुन्थ्यो । गुस्ताख (इस्लामको मर्म नबुझेका नामका मात्र

मुस्लिम) हरूले प्यारा नबी صَلَّى اللهُ تَعَالٰى عَلَيْهِ وَاٰلِهٖ وَسَلَّم को बारेमा असम्मानजनक पङ्तिहरू लेखेको देख्नुहुँदा उहाँका आँखा आँसुले भरिन्थे । ती गुस्ताखहरूको कडा रूपमा विरोध गर्नुहुन्थ्यो ताकि उनीहरूले आ'ला हज़रत رحمۃ اللہ تعالی علیہ लाई नै बरू कुशब्द प्रयोग गर्न थालून् । उहाँले यस कुरामा गर्व गरीरहनुहुन्थ्यो कि अल्लाह عَزَّوَجَلَّ ले यस युगमा मलाई रसूल صَلَّى اللهُ تَعَالٰى عَلَيْهِ وَاٰلِهٖ وَسَلَّم को मर्यादा क़ायम राख्नका लागि ढाल बनाएको छ । यसका लागि मेरो तरिका यो हो कि मैले ठाडा कुराहरूको प्रयोग गरी ती गुस्ताखहरूको कडा विरोध गर्ने गर्छु ताकि तिनीहरू मलाई नै गाली गर्नमा व्यस्त होऊन् र त्यति समयका लागि रसूल صَلَّى اللهُ تَعَالٰى عَلَيْهِ وَاٰلِهٖ وَسَلَّم को शानमा गुस्ताखी गर्ने मौका नपाउन् । त्यसैले त आ'ला हज़रत رحمۃ اللہ تعالی علیہ भन्नु हुन्छः

करूँ तेरे नाम पे जां फ़िदा न बस एक जां दो जहां फ़िदा
दो जहां से भी नहीं जी भरा करूँ क्या करोड़ों जहां नहीँ

उहाँले गरिबहरूलाई कहिल्यै पनि खाली हात फर्काउन्नथे । सधै गरिबहरूको मद्दत गरिरहनुहुन्थ्यो । यहाँसम्म कि आफ्नो अन्तिम समयमा पनि आफ्ना सन्तान तथा साथीहरूलाई यो वसिय्यत (अन्तिम इच्छा व्यक्त) गर्नुभयो कि सधै गरिब असहायहरुको ख्याल राख्नू । तिनीहरूलाई सत्कारका साथ मिठा मिठा खानेकुराहरू घरबाट खुवाउने गर्नु । कुनै असहायलाई कदापि नथर्काउनु ।

उहाँ धेरै जसो समय लेखनमा व्यतीत गर्नुहुन्थ्यो । पाँचै नमाज़को मस्जिदमा उपस्थित भई जमाअतका साथ पढ्ने गर्थे । खाना कम खाने उहाँको बानी थियो ।

## मीलादको समय बस्ने तरिका

आ'ला ह़ज़रत इमाम अह़मद रज़ा رحمۃ اللہ تعالٰی علیہ जब कुनै मीलादको कार्यक्रमम सहभागी हुनुहुन्थ्यो, सभामा सॅलातो सलाम पढ्नको लागि मात्र उभिनुहुन्थ्यो बाँकी सुरूदेखि अन्तसम्म अनुशासित भई दो ज़ानू (नमाज़ पढ्दा बसिने तरिका) बसिराख्नु हुन्थ्यो । यहाँसम्म कि चार-पाँच घण्टा तक़रीर (प्रवचन) गर्दा पनि दोजानू नै मञ्चमा बसिरहनुहुन्थ्यो । (ऐज़न, पृ. ११९, ह़याते आ'ला ह़ज़रत, भाग १, पृ. ९८) हामी आ'ला ह़ज़रत رحمۃ اللہ تعالٰی علیہ का गुलामहरूलाई पनि क़ुर्आनको तिलावत गर्दा वा सुन्दा, सुन्नतले भरिपूर्ण इज्तिमाहरूमा, मदनी मुज़ाकराको कार्यक्रममा, दर्स तथा मदनी बैठकहरूमा अनुशासित भई दो ज़ानू बस्ने सौभाग्य प्राप्त होस् ।

## असाधरण प्रकारको सुत्ने तरिका

उहाँ सुत्नुहुँदा हातको बुढीऔंलालाई चोर औंला माथि राख्नुहुन्थ्यो ताकि औंलाहरूले "अल्लाह" ﴿اللہ﴾ शब्द बनोस् । उहाँले कहिल्यै पनि खुट्टा फैलाई सुत्नुहुन्थेन । बरू दाहिने कोल्टे फर्की दुबै हात मिलाई टाउकोमुनि राख्नुहुन्थ्यो र खुट्टाहरू खुम्च्याउनुहुन्थ्यो । यसरी शरीरले "मुह़म्मद" ﴿مُحَمَّد﴾ शब्द बन्थ्यो । (ह़याते आ'ला ह़ज़रत, भाग १, पृ. ९९ आदी) । यो हो अल्लाह عَزَّوَجَلَّ को चाहने वाला तथा रसूले पाक صَلَّی اللہ تعالٰی عَلَیْہِ وَاٰلِہٖ وَسَلَّم को सच्चा आशिक़हरूको बानी व्यहोरा ।

नामे ख़ुदा है हाथ में नामे नबी है ज़ात में
मोहरे गुलामी है पडी, लिख्खे हुए हैं नाम दो

صَلُّوْا عَلَی الْحَبِیْب صَلَّی اللہُ تَعَالٰی عَلٰی مُحَمَّد

## रेलगाडी रोकिइरह्यो

जनाब सय्यिद अय्यूब अली शाह साहब رَحْمَۃُ اللہِ تَعَالٰی عَلَیْہ भन्नुहुन्छ कि आ'ला हज़रत رَحْمَۃُ اللہِ تَعَالٰی عَلَیْہ एक पटक पिलीभीत बाट बरेली शरीफ रेल यात्रा गरी जाँदै हुनुहुन्थ्यो । बाटोमा नवाबगंजको स्टेसनमा जहाँ सधै दुई मिनेटको लागि मात्र रेल रोकिने गर्थ्यो, मग़रिबको नमाज़को समय सुरु भइसकेको थियो । आ'ला हज़रत رَحْمَۃُ اللہِ تَعَالٰی عَلَیْہ ले रेल रोकिने बित्तिकै इक़ामत गरी नमाज़को नियत बाँध्नुभयो । पाँचजना जति जमाअतमा सामिल भए जसमा एक म पनि थिएँ तर जमाअतमा सामिल हुने तरखरमै थिएं । मैले के देख्छु भन्दा प्लेटफर्ममा एक ग़ैरमुस्लिम गार्ड उभिई हरियो झन्डा फहराई रेल अगाडि बढाउने अनुमति दिइरहेको थियो । अगाडि तिर हेर्दा रेलको लाइन पनि क्लियर नै थियो तर रेल अगाडि बढेन । म पनि जमाअतमा सामिल भएँ । आ'ला हज़रत رَحْمَۃُ اللہِ تَعَالٰی عَلَیْہ ले आनन्दले चिन्तामुक्त भई फ़र्ज़ नमाज़को तिनवटै रक्आत पुरा गरी जब दायाँतर्फ सलाम फेर्नुभयो, रेलगाडी चल्न थाल्यो । खुसीका साथ मुक़्तदीहरुको मुखबाट 'سُبْحٰنَ اللّٰہ عَزَّوَجَلَّ' को आवाज़ गुञ्जन थाल्यो । यो करामत (अल्लाह عَزَّوَجَلَّ को असल बन्दा (वली) हरू बाट जाहेर हुने आश्चर्य जनक कुरा) मा ध्यान दिनुपर्ने कुरा के थियो भने यदि जमाअत प्लेट फारममा भएको भए गार्डले केही सन्तहरू नमाज़ पढ्दै छन् भनेर रोकेको भन्न सकिन्थ्यो तर नमाज़ रेल भित्र पढिएको थियो । यो छोटो समयमा गार्डलाई कसरी थाहा हुन सक्थ्यो होला कि

रेलको कुनै डब्बामा अल्लाह عَزَّوَجَلَّ को कुनै असल बन्दाले नमाज़ पढिरहेका होलान् भनी । (ऐज़न, भाग ३, पृ. १८९, १९०)

अल्लाह عَزَّوَجَلَّ को उनीमाथि रहमत (कृपा) होस् र उनको (सदक़े) नाममा हाम्रो बिना हिसाब मग़्फिरत (पापहरूबाट क्षमा प्राप्त) होस् ।

اٰمِيْن بِجَاهِ النَّبِيِّ الْاَمِيْن صَلَّى اللهُ تَعَالٰى عَلَيْهِ وَاٰلِهٖ وَسَلَّم

*वोह कि उस दर का हुवा खल्क़े ख़ुदा उस की हुई*
*वोह कि उस दर से फिरा अल्लाह उस से फिर गया*

*(हदाइके बख्शिश शरीफ़)*

कविताको व्याख्याः जसले हज़रत मुहम्मद मुस्तफा صَلَّى اللهُ تَعَالٰى عَلَيْهِ وَاٰلِهٖ وَسَلَّم को आज्ञापालन गऱ्यो अल्लाह عَزَّوَجَلَّ को सृष्टि उसको साथ भयो तर जो हज़रत मुहम्मद मुस्तफा صَلَّى اللهُ تَعَالٰى عَلَيْهِ وَاٰلِهٖ وَسَلَّم को दरबारबाट टाँढा हुन खोज्यो अल्लाह عَزَّوَجَلَّ को बारगाह (दरबार) बाट पनि ऊ टाढा भयो ।

صَلُّوْا عَلَى الْحَبِيْب     صَلَّى اللهُ تَعَالٰى عَلٰى مُحَمَّد

## आ'ला हज़रत رحمۃ اللہ تعالٰی علیہ का लेखहरू

आ'ला हज़रत رَحْمَةُ اللهِ تَعَالٰى عَلَيْه ले विभिन्न शीर्षकमा लगभग १००० पुस्तकहरु लेख्नुभयो । उहाँले १२८६ हिज्रीबाट १३४० हिज्रीसम्म लाखौं फतवाहरू दिनु भयो तर अफ्सोस् सबै नोट गर्न सकिएनन् । जति फतवाहरू लेखिए, ती फतवाहरूको सङ्ग्रहको नाम ﴿اَلْعَطَايَا النَّبَوِيَّه فِي الْفَتَاوٰى الرَّضَوِيَّه﴾ "अल् अ़तायन्नबविय्यह फिल् फतावर्रज़विय्यह" (छोटकरीमा "फतावा

रज़विय्या") राखियो । फतावा रज़विय्या (मुखर्रजा) को तिस भाग छन् जसको पूरै पृष्ठ संख्या २१६५६, कुल प्रश्नोत्तर ६८४७ छन् । यसमा २०६ पुस्तिकाहरू समावेश छन् । (फतावा रज़विय्या मुखर्रजा, भाग ३०, पृ. १०, रज़ा फाउन्डेशन, मर्कजुल् औलिया लाहोर)

आ'ला हज़रत رحمۃ اللہ تعالیٰ علیہ लाई कुर्आन, हदीस, फ़िक्ह, मन्तिक़ तथा काव्य जस्ता विषयमा कति ज्ञान थियो भन्ने कुरा उहाँको फतावाको अध्ययन गरेर नै थाहा पाउन सकिन्छ । किन भने उहाँको प्रत्येक फतवाको पछाडि प्रमाण तथा उचित सन्दर्भको समुद्रनै बगेको आभाष हुन्छ ।

उहाँले लेख्नुभएको प्रख्यात सात पुस्तिकाहरूको नाम यस प्रकार छन्

1. ﴿سُبْحٰنَ السُّبُّوْحِ عَنْ عَيْبِ كِذْبٍ مَقْبُوْحٍ﴾ (सुब्हानुस्सुब्बुहु अन् ऐबि किज़्बिन मक़्बूह्) सत्य अल्लाह माथि "झूठो" जस्तो त्रुटिको आरोप लगाउनेहरुको विरोधमा यो पुस्तिका लेख्नुभयो जसले गुस्ताखहरूको बोली बन्द भयो र उनीहरूको कलमले घुँडा टेक्न बाध्य भयो ।
2. ﴿مَقَامِعُ الْحَدِيْد﴾ (मक़ामिउल् हदीद)
3. ﴿اَلْاَمْنُ وَالْعُلٰى﴾ (अल् अम्नु वल् उला)
4. ﴿تَجَلِّي الْيَقِيْن﴾ (तजल्लियय्यतुल् यक़ीन)

5. ﴿اَلْكَوْكَبَةُ الشَّهَابِيَّة﴾ (अल् कौकबतुश्शहाबियह)

6. ﴿سَلُّ السُّيُوْفِ الْهِنْدِيَّة﴾ (सल्लुस्सुयूफिल् हिन्दिय्यह)

7. ﴿حَيَاتُ الْمَوَات﴾ (ह़यातुल् मवात)

*इल्म का चश्मा हुवा है मौज ज़न तह़रीर में*
*जब क़लम तूने उठाया ऐ इमाम अह़मद रज़ा*

*(वसाइले बख़्शिश, पृ. ५३६)*

صَلُّوْا عَلَى الْحَبِيْب صَلَّى اللهُ تَعَالٰى عَلٰى مُحَمَّد

## पवित्र कुर्‌आन को अनुवाद

कुर्‌आनको उर्दु भाषामा अनुवाद त धेरै आ़लिमहरुले गरे तर आ'ला ह़ज़रत رحمۃ اللہ تعالٰی علیہ ले गर्नु भएको उर्दु अनुवादलाई सबैभन्दा उत्कृष्ट मानिन्छ । आ'ला ह़ज़रत رحمۃ اللہ تعالٰی علیہ ले गर्नु भएको कुर्‌आनको उर्दु अनुवादको नाम "कन्ज़ुल ईमान" राखिएको छ जसको सन्दर्भ सहित व्याख्या उहाँको खलिफा ह़ज़रते सदरुल् आफाज़िल मौलाना मुह़म्मद नई़मुद्दीन मुरादाबादी رحمۃ اللہ تعالٰی علیہ ले "खज़ाइनुल् इरफान्" नाम दिई र मुफ़स्सिरे शहीर ह़कीमुल् उम्मत ह़ज़रत मुफ्ती अह़मद यार खान رحمۃ اللہ تعالٰی علیہ ले "नूरुल इरफ़ान्" नाम दिई लेख्नुभयो ।

## सांसारिक जीवन अन्त्यको खबर कुर्‌आनबाट

आ'ला ह़ज़रत رحمۃ اللہ تعالٰی علیہ ले आफ्नो देहान्त हुन भन्दा ४ महिना २२ दिन पूर्व नै त्यसको खबर अफैँले दिई कुर्‌आनको २९ औं पारहको

सुरह् अल् दह्रको आयत संख्या १५ बाट देहान्तको वर्ष निकाल्नु भएको थियो । यस आयतकोको अदद् अब्जद विद्या अनुसार १३४० हुन्छ जुन चाहिँ हिज्री अनुसार उहाँको देहान्त वर्ष हो । त्यो आयत यस प्रकार छः

وَ یُطَافُ عَلَیۡہِمۡ بِاٰنِیَۃٍ مِّنۡ فِضَّۃٍ وَّ اَکۡوَابٍ

***कन्ज़ुल ईमानको हिन्दी अनुवादः***

***और उन पर चाँदी के बरतनों और कूज़ों का दौर होगा ।***

*(सवानेहे इमाम अह़मद रज़ा, पृ. ३८४)*

२५ सफ़र, १३४० हिज्री (२८ अक्टुबर, १९२१ ई.) जुमुअ़ा (शुक्रबार) को दिन भारतको समय अनुसार दिउँसोको २ बजेर ३८ मिनेट जाँदा, ठिक जुमुअ़ाको नमाज़को अज़ान हुँदा उहाँको देहान्त भयो । मेरो आक़ा आ'ला ह़ज़रत, अहले सुन्नतका इमाम, दीन इस्लामका मुजद्दीद, शरिअ़तका अ़ालिम, त़रिक़तका पीर ह़ज़रते अ़ल्लामा मौलाना अलह़ाज अल् ह़ाफिज़ अल् क़ारी शाह इमाम अह़मद रज़ा खान رحمۃ اللہ تعالی علیہ ले आखिरतको जीवन अङ्गाल्नुभयो ।﴿اِنَّا لِلّٰہِ وَ اِنَّاۤ اِلَیۡہِ رٰجِعُوۡنَ ﴾

उहाँको मज़ार शरीफ (समाधि स्थल) मदीनतुल् मुर्शिद बरेली शरीफमा आज पनि ज़ियारत (दर्शन) गर्न जानेहरुको घुइँचो लाग्ने गर्छ ।

अल्लाह عزوجل को उनीमाथि रह़मत (कृपा) होस् र उनको (सदक़े) नाममा हाम्रो बिना हिसाब मग़्फिरत (पापहरूबाट क्षमा प्राप्त) होस् ।

اٰمِین بِجَاہِ النَّبِیِّ الْاَمِین صَلَّی اللہ تَعَالٰی عَلَیْہِ وَاٰلِہٖ وَسَلَّم

*तुम क्या गए कि रौनक़े मह़फ़िल चली गई*
*शे'रो अदब की ज़ुल्फ़ परेशां है आज भी*

صَلُّوْا عَلَی الْحَبِیْب صَلَّی اللّٰہُ تَعَالٰی عَلٰی مُحَمَّد

## दरबारे रिसालतमा पर्खाइ

२५ सफ़र, १३४० हिज्रीमा बैतुल मुक़द्दसमा एक शामी बुजुर्ग (धर्मनिष्ट व्यक्ति) ले सपनामा आफूलाई दरबारे रिसालतमा उपस्थित पाए । तर सभा सुनसान थियो र यस्तो लाग्दै थियो कि कुनै आगन्तुकको प्रतीक्षा छ । शामी बुजुर्गले ह़ज़रत मुहम्मद मुस़्तफा صَلَّی اللّٰہ تَعَالٰی عَلَیْہِ وَاٰلِہٖ وَسَلَّم सामु सोध्नुभयोः या रसूलल्लाह صَلَّی اللّٰہ تَعَالٰی عَلَیْہِ وَاٰلِہٖ وَسَلَّم मेरो बाबु आमा तपाईंको नाममा क़ुरबान । यहाँ कसको प्रतीक्षा भइरहेको छ ? ह़ज़रत मुहम्मद मुस़्तफा صَلَّی اللّٰہ تَعَالٰی عَلَیْہِ وَاٰلِہٖ وَسَلَّم ले भन्नुभयोः हामीलाई अह़मद रज़ाको प्रतीक्षा छ । ती शामी बुजुर्गले सोधेः हुजुर, को हुन् अह़मद रज़ा? जवाफ दिनुभयोः भारतको बरेली सहरका बासिन्दा हुन् । ती शामी बुजुर्ग बिउझनुभएपछि मौलाना अह़मद रज़ाको खोजमा भारतको यात्रा शुरू गरे । जब बरेली शरीफ आइपुगे तब उहाँलाई थाहा भयो कि ती आशिक़े रसूल आ'ला ह़ज़रत رَحْمَۃُ اللّٰہِ تَعَالٰی عَلَیْہ को त्यही दिन अर्थात २५ सफ़र १३४० हिज्रीको दिन निधन भइसकेको छ जुन दिन उहाँले सपनामा प्यारा नबी صَلَّی اللّٰہ تَعَالٰی عَلَیْہِ وَاٰلِہٖ وَسَلَّم को पुष्पवाणी सुन्नुभएको थियो कि "हामीलाई अह़मद रज़ाको प्रतीक्षा छ ।" (सवानेहे इमाम अह़मद रज़ा, पृ. ३९१)

अल्लाह عَزَّوَجَلَّ को उनीमाथि रह़मत (कृपा) होस् र उनको (सदक़े) नाममा हाम्रो बिना हिसाब मग़्फिरत (पापहरूबाट क्षमा प्राप्त) होस् ।

اٰمِيْن بِجَاهِ النَّبِيِّ الْاَمِيْن صَلَّى اللهُ تَعالٰی عَلَيْهِ وَاٰلِهٖ وَسَلَّم

*या इलाही जब रज़ा ख्वाबे गिरां से सर उठाए*
*दौलते बेदारे इश्क़े मुस्तफा का साथ हो*

*(हदाइके बख्शिश शरीफ)*

صَلُّوْا عَلَى الْحَبِيْب        صَلَّى اللهُ تَعَالٰی عَلٰی مُحَمَّد

सगे ग़ौसो रज़ा
मुहम्मद इल्यास क़ादिरी रज़वी
२५ सफर, १३९३ हिज्री, शनिबार
(३१-०३-१९७३ ई.)

यो पुस्तिका पढीसकेपछि अरुलाई पढ्न दिनुहोस्

खुसी तथा दुःखका भेलाहरु, इज्तिमाहरू, उर्स तथा मीलादको शान्ति र्‍यालीहरुमा मक्तबतुल् मदीना द्वारा प्रकाशित पुस्तकहरू तथा मदनी फुलहरू प्रदान गर्ने पम्फ्लेटहरू वितरण गरी सॅवाब (पुण्य) कमाउनुहोस् । आफ्ना पसलहरुमा सॅवाबको नियतले ग्राहकहरुलाई वितरण गर्नका निम्ति पुस्तकहरू राख्ने बानी बनाउनुहोस्, पत्रपत्रिका वितरणकर्ता वा समझदार बच्चाहरूद्वारा आफ्ना छिमेकको घर घरमा मासिक कम्तिमा एक पुस्तिका वा मदनी फुल पम्फ्लेट पुर्‍याई नेकीको दा'वत आम गर्नुहोस् र धेरै धेरै सॅवाब प्राप्त गर्नुहोस् ।

اَلْحَمْدُ لِلّٰهِ رَبِّ الْعٰلَمِيْنَ وَالصَّلٰوةُ وَالسَّلَامُ عَلٰى سَيِّدِ الْمُرْسَلِيْنَ اَمَّا بَعْدُ فَاَعُوْذُ بِاللّٰهِ مِنَ الشَّيْطٰنِ الرَّجِيْمِ بِسْمِ اللّٰهِ الرَّحْمٰنِ الرَّحِيْمِ

# सुन्नतको बहार (खुशी)हरु

اَلْحَمْدُ لِلّٰه عَزَّوَجَلَّ कुरआन र सुन्नतको सिद्धान्त सारा संसारमा फैलाउने, अराजनैतिक समूह दावते इस्लामीका आनन्दमयी मदनी वातावरणमा सुन्नतहरु सिक्ने र सिकाउने गरिन्छ । हरेक बिहिवार मग्रिबको नमाजपछि तपाईको शहरमा दावते इस्लामीको हरेक हफ्ता हुने सुन्नतले भरिपूर्ण इज्तिमामा अल्लाह عَزَّوَجَلَّ को रिजाको लागि राम्रो राम्रो नियत (भित्री विचार) को साथ पुरै रात बिताउने मदनी आग्रह छ । आशिकाने रसूल (रसूलका आशिकहरु) सँग मदनी काफिलामा सवाब (पुण्य) को नियतले सुन्नत सिक्नका निम्ति यात्रा र दैनिक फिक्रे मदीना (ध्यान) द्वारा मदनी इन्आमातको कार्ड भरि हरेक मदनी महिनाको शुरुको १० दिन भित्र आफ्नो क्षेत्रको जिम्मेवार इस्लामीभाई लाई बुझाउने बानी बसाल्नुहोस् । اِنْ شَآءَ اللّٰه عَزَّوَجَلَّ यसको बरकत (लाभ) ले सुन्नतको पालना गर्न, पापहरु सँग घृणा गर्न र आफ्नो ईमान (धार्मिक विश्वास) को संरक्षण गर्नका लागि होशियार हुने विचार बन्नेछ ।

हरेक इस्लामी दाजु भाईहरुले यो सोच बनाउनु होस के "मलाई आफ्नो र सम्पूर्ण संसार बासीको सुधारको प्रयास गर्नुछ ।" اِنْ شَآءَ اللّٰه عَزَّوَجَلَّ आफ्नो सुधारको प्रयासको लागि मदनी इन्आमातको पालना र सारा संसारका मानिसहरुको सुधारको प्रयासको लागि मदनी काफ्ला मा यात्रा गर्नुछ। اِنْ شَآءَ اللّٰه عَزَّوَجَلَّ.









Aalami Madani Markaz, Faizan-e-Madinah, Mahallah Saudagaran
Purani Sabzi Mandi, Bab-ul-Madinah, Karachi, Pakistan.
UAN: +92 21 111 25 26 92 | Ext: 7213
Web: www.dawateislami.net | E-mail: translation@dawateislami.net